परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक १४ २०८१ मंसिर २ आईतवार Sunday 17, NOV 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## "कर प्रणालीको सार, लगानीको आधार" नाराका साथ १३ औं राष्ट्रिय कर सप्ताह उद्घाटन

विराटनगर । आन्तरिक राजस्व कार्यालय विराटनगरले १३ औं राष्ट्रिय कर दिवस एवं कर सप्ताह "कर प्रणालीको सार, लगानीको आधार" नाराका साथ एक कार्यक्रमको आयोजना गरी समुद्घाटन गरेका छन् ।




उक्त कार्यक्रमका प्रमुख अतिथि मोरंग जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद भट्टराईले ब्यानर पढेर कर दिवस एवं कर सप्ताहको शनिवार उद्घाटन गरेको हो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी भट्टराईले भने करको अवस्था ठीक र चित बुझ्दो छैन । कर छल्न विभिन्न छिद्रहरु रहेका छन् । त्यसलाई समायनुकुल सुधार गर्दै कर संम्वन्धि जनचेतना समाजमा फैलाउनु पर्ने वताए । हाम्रो अभिभावक भनेको सरकार हो सरकारले वनाएको नीति नियम कर दता मैत्री नभएको वहाँको भनाई थियो ।

त्यसैगरी विराटनगर भन्सार कार्यालयका प्रमुख ज्ञानेन्द्र राज ढकालले भने कर प्रणालीलाई करदाता मैत्री बनाएर आम जनतालाई कर तिर्न जागरुक बनाई कर तिर्न प्रोत्साहन गनुपर्ने भन्दै सप्ताह व्यापी कार्यक्रमको सफलताको शुभकामना दिएका थिए ।

कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख सोमनाथ उप्रेतीले भने विक्रम सम्वत २०६९ साल देखि राष्ट्रिय कर दिवस मनाउँदै आएको भन्दै कानुनले निर्धारण गरेको कर असुल गर्नुका साथै कानुन विपरीत कुनै किसिमको कर करदातावाट असुल उपर गर्नु हुँदैन वताए ।

सिएनआइका उपाध्यक्ष दिपक पौडेलले भने सबभन्दा पहिलो करा देशमा आर्थिक कारोवार ठप्प छ । आर्थिक कारोवारलाई चलाईमान वनाउनु पर्छ । अहिलेको कर प्रणालीले करदातामा त्रसिएको छ । त्यो त्रासलाई हटाउन कर नितीमा सुधारका साथै कर सम्वन्धि जनचेताना जगाउन जरुरी रहेको वताए ।

उद्योग संगठन मोरंगका अध्यक्ष राकेश सुरानाले भने व्यवसायीले उत्पादन गरेको समान किन्ने उपभोक्तहरु सवै विदेश पलाईन भई सक्केकोले हामी व्यपार कहाँ गर्ने व्यपारै नचलेपछि कर कहाँबाट तिर्ने जस्ता प्रश्न गर्दै करदातालाई परेशन गर्ने कर नितीमा सुधार गर्नुका साथै विदेशीएको जनशक्तिलाई स्वदेशमै रोजगारीको व्यवस्था मिलाउनु पर्ने वताए ।

मोरंग उद्योग व्यपार संघका वरिष्ठ उपाध्यक्ष अनिल साललै सरकारले वनाएको कर निती अनुसार आम व्यवायीलाई कर तिर्न आग्रह गर्दै सरकारले पनि कर नितिमा

वांकी अन्तिम पेजमा...

## अध्यक्षको उम्मेदवार तुलसी रामलाई नै भोट किन ?



एमालेको
उम्मेदवार तुलसीराम विश्वास

विराटनगर । मोरङको ग्रामथानको अध्यक्ष पदका लागि आगामी मंसिर १६ गते उपनिर्वाचन हुने भएको छ । उपनिर्वाचनका नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, राप्रपा, नेकपा एकिकृत समाजवादीले उम्मेदवारको घोषणा गरि सकेका छन् । केही स्वतन्त्र उम्मेदवारी समेत पर्ने सम्भावना रहेको छ ।

नेकपा एमालेलेबाट उम्मेदवार रुपमा घोषण भएको तुलसीराम विश्वासले प्रचार प्रसारलाई तीव्रता दिएको छ । बुधबारदेखि घरदैलो शुरु गरेको एमालेले ग्रामथानको वडा नं. १ लखन्तरी, वडा नं ७ को धोवियारे झोराहाट लगायत ठाउँमा घरदैलो र कोणसभाहरु गरि रहेका छन् ।

ग्रामथान समृद्धिको एकमात्र आधार स्थानीय तहमा एमालेको सरकार भन्ने नाराका साथ प्रचारप्रसार गरिरहेको एमालेले महत्वकांक्षी चुनावी प्रतिवद्धता भन्दापनि पुरा गर्न सकिन १४ बुँदे मुख्य प्रतिबद्धता सहित घरदैलो अभियान चलाएको छ । जनतालाई आश्वासन दिने भन्दा पनि पुरा गर्न सकिने प्रतिबद्धता लिएर घर-घरमा पुगीरहेको एमाले नेता कार्यकर्ताको टोलीलाई स्थानीयवासीले भव्य स्वागत मात्रै गरेका छैनन अध्यक्षमा तुलसीराम विश्वासलाई नै देख्न पाइयोस् भन्दै आर्शीवाद

वांकी अन्तिम पेजमा...

## बोक्सीको कथामा आधारित अग्निदहन

विराटनगर । बोक्सा बोक्सी प्रथाले जरा गाडेको नेपाली समाजमा 'बोक्सी' हुँदैन भन्ने कथामा आधारित भएर निर्माण गरिएको चलचित्र 'अग्नीदहन' मंसिर ७ गते रिलिज हुँदैछ ।

चलचित्र सम्वन्धि जानकारी दिन विराटनगरमा पत्रकार सम्मेलनको आयोजना गरी फिल्मका निर्देशक घनश्याम लामिछानेले भने मान्छे कोही पनि बोक्सी हुँदैन भन्ने सोचलाई देशव्यापी रुपमा अगाडि बढाउन 'अग्निदहन' चलचित्र निर्माण गरिएको छ । उक्त फिल्म मंसिर ७ गते रिलिज हुने जानकारी गराउँदै सामाजिक सचेतनाको लागि निर्माण गरिएको चलचित्र भएकोले एक पटक हेर्न आम दर्शकलाई आग्रह गरेका छन ।

मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठानले निर्माण गरेको अग्निदहन चलचित्रमा लोकमणी पौडेलको कथा, पटकथा तथा संवाद, कोविदशरण उपाध्याय को परिकल्पना, परिच्छेद सेनको मुख्य सहायक निर्देशन, दीर्घ गुरुङ छायांकन, दीर्घ खड्काको सम्पादन, शंकर पाण्डेको प्रोडक्सन डिजाइन छ ।


चलचित्रमा प्रकाश घिमिरे, प्रमिला तुलाचन, माओत्से गुरुङ, अनुपमा भण्डारी, तुलसी क्षेत्री, विष्णु बास्तोला, डाक्टर निर्मल लामिछाने, तारा बहादुर गुरुङको अभिनय रहेको छ ।

'अग्नीदहन' चलचित्र बारे जानकारी दिन गरिएको पत्रकार भेटघाट कार्यक्रमको अध्यक्षता चलचित्र पत्रकार संघ मोरंगका अध्यक्ष प्रेम देवानको अध्यक्षताम सम्पन्न भएको थियो ।

**वडावासीहरुमा हार्दिक अनुरोध**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**अर्जुन गिरी (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. १० को कार्यालय**



### लागुऔषध...

ब्राउन सुगर सहित पक्राउ गरेको छ ।

त्यसैगरी प्रहरी चौकी बाङगे, सुनसरीबाट खटिएको प्रहरी टोलीले सुनसरीको बराहक्षेत्र नगरपालिका-७ बिष्टिनि चोकबाट २४ बर्षीय बिबेक राई र बराहक्षेत्र नगरपालिका-१ का २३ बर्षीय अभिषेक भुजेल को साथबाट प्रतिवन्धित लागु औषध ट्रामाडोल-७२ क्यापसुल र डिकोलिक- ८१० ट्याव्लेट फेलापारी नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका तिनैजनाको सम्बन्धित प्रहरी कार्यालयहरु बाट थप अनुसन्धान भई रहेको छ ।

### कर प्रणालीको...

सुधार गर्नु पर्ने वताए ।

आन्तिरिक राजस्व कार्यालय विराटनगरका प्रमुख भुपालराज शाक्यको अध्यक्षता मा अध्यक्षतमो कार्यक्रम सम्पन्न भएको थियो ।

सप्ताह व्यापी कार्यक्रमको पहिलो दिन शनिवार आन्तरिक राजस्व कार्यालय विराटनगरको प्रागनवाट प्रभात फेरी निकाली ट्राफिक चौक, महेन्द्र चौक, गुद्री चौक हुँदै पुन कर कार्यालय पुगेको थियो । प्रभात फेरीमा कार्यालयका कर्मचारी, लेखा परिक्षक, विभिन्न कार्यालयका कार्यालय प्रमुखहरुको सहभागीता रहेको थियो ।

दोस्रो दिन आईतवार राजश्व कार्यालयमा आउने पहिलो सेवाग्राहीलाई खादा फूलमालाले सम्मान गर्ने कार्यक्रम रहेको छ भने तेस्रो दिन सोमवार उच्च माध्यमिक अध्ययन गर्ने विद्यार्थीहरु बीच हाजिरी जवाफ प्रतियोगिता आयोजना गर्ने छ । चौथो, पाचौ, छैठौं दिन चोक-चोकमा खुल्ला कर दाता शिक्षा सम्बन्धि जानकारी गराउने छ । सातौ दिन करदाता हरुलाई सम्मान तथा पुरस्कार वितरण गरी सप्ताह व्यापी कार्यक्रम समापन गर्ने कर अधिकृत गजाधर खतिवडिले वताए ।

### अध्यक्षको...

पनि दिईरहेको छन् ।

यस्तो छ विश्वासको चुनावी प्रतिवद्धता

जनप्रतिनिधि शासक होइन, जनताका सेवक हुनुपर्दछ भन्ने मान्यता स्थापित गर्ने, सेवाग्राहीलाई सहज, छिटो र झन्झटरहित सेवा प्रदान गर्ने, जनप्रतिनिधिको जवाफदेहिता सुशासन र पारदर्शिता स्थापित गर्ने, स्थानीय भाषा, संस्कृति र सम्पदाको संरक्षण गर्ने, आधारभूत स्वास्थ्य सुविधाको प्रत्याभूति गर्ने, शिक्षाको गुणस्तर कायम गर्ने, स्वास्थ्य बीमालाई सबै जनताको पहुँचमा पुर्याउने, शुद्ध पिउनेपानी, सरसफाइ तथा वातावरण संरक्षण सुनिश्चित, वालमैत्री स्थानीय तह घोषणा गर्ने, संघ र प्रदेश सरकारसँग समन्वय गरी पालिकाको समृद्धि र समुचित विकास गर्ने, योजना छनोट, निर्माण कार्यान्वयन र अनुगमनमा स्थानीय समुदायको अपनत्व स्थापित गर्न, स्थानीय उत्पादनको सम्बर्दन र प्रबर्द्धन गर्न, महिलाहरूको आर्थिक र सामाजिक सशक्तीकरणका लागि ठोस कार्यक्रम ल्याउने, जनप्रति निधि "जनताको सुख दु:खका साथी" भन्ने मान्यता विकास गर्ने लगायतका प्रतिबद्धता रहेका गरेका छन् ।

चुनावी प्रतिवद्धतालाई आगामी ०८४ सम्मको कार्यकालमा पुरा गर्न सकिने अध्यक्षका उम्मेदवार विश्वासले जानकारी गराएका छन् ।




# अवैध गाँजा खेती फडमानी गरी नष्ट

बिराटनगर । धनकुटा र भोजपुर जिल्लाका बिभिन्न स्थानहरुमा अवैधरुपमा लगाएको र प्राकृतिक रुपमा आफै उम्रिएका गाँजाको बोटहरु प्रहरीले फडानी गरी नष्ट गर्दै आईरहेको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सुरक्षा सुनिश्चितता अभियान अन्तरगत अबैध रुपमा लगाएका गाँजाका बोटहरु नष्ट गर्ने अभियान अनुसार कार्तिक ३० गते धनकुटाको इलाका प्रहरी कार्यालय छिन्ताङ, भेडेटार, प्रहरी चौकी त्रिवेणी र आँखीसल्लाबाट परिचालन भएको थियो ।

प्रहरी टोलीले शहिदभुमी र साँगुरीगढी गाउँपालिकाको बिभिन्न एरिया इलाकाहरुका साढे ३८ रोपनी क्षेत्रफलमा प्राकृतिक रुपमा डाँडा पाखामा हुर्केका ३० हजार १ सय गाँजाकाबोटहरु फडानी गरी जलाई नष्ट गरेको छ ।

यसै गरी भोजपुरको इलाका प्रहरी कार्यालय घोडेटारबाट खटिएको प्रहरी टोलीले हतुवागढी गाउँपालिका बिभिन्न एरिया इलाकाहरुको करिव २२ रोपनी पाखा बारीमा लगाएको १६ हजार ५ सय गाँजाको बोट फडानी गरी जलाई नष्ट गरेको छ ।

## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**हिरा बहादुर कामत (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. १२ को कार्यालय**

## जाडो मौसममा चिसो बाट बचौं

- जाडोबाट बच्न बाक्लो तथा न्यायो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरि दिऔं,
- बढी चिसोमा मोनिङ्ग वाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

## पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**अर्जुन गिरी (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. १० को कार्यालय**

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### करलाई करदाता मैत्री बनाऔं

देशभरीका आन्तरिक राजश्व कार्यालयहरुले १३ औं राष्ट्रिय कर दिवस एवं कर सप्ताह शनिवार देखि विभिन्न कार्यक्रमहरु गरी मनाउन शुरु गरेका छन् । २०६९ साल देखि कर दिवस मनाउँदै आएको छ । सोहीलाई निरन्तरता दिन कर सप्ताह व्यापी कार्यक्रम शुरु गरेको छ । करलाई कसरी करदाता मैत्री वनाउन सकिन्छ । त्यस तर्फ कर दाताका अभिभावक सरकारले सोच्नु पर्दछ । कर प्रणालीलाई हेरेर अहिले आम नेपाली जनता त्रसिने अवस्था छ । कर प्रणालीबाट त्रसिने अवस्था हटाई कर मैत्री कानुन बनाई कर नीतिमा सुधार गर्न आवश्यक छ ।

नेपालमा भएको जनशक्ति पलायन भएर विदेशीएको अवस्था छ । यहाँका उद्योगी व्यपारीले त उत्पादन गर्दछ । तर उपभोग गर्ने उपभोक्त नै विदेश गएर पछि त्यो उत्पाद कसले खरिद गर्ने, उत्पादन नै विक्री भएन भने कर कहाँवाट तिर्ने, कर तिर्न गएपनि कर प्रणाली झनझटिलो भएकै कारण करदाता कर तिर्न मान्दैन । करको राजश्व १ हजार लागेपनि लेखापरिक्षकले ५ हजार लिन्छ । यस्तो अवस्थामा कर तिर्न भन्दा पनि कर छली गर्नुमा नै गौरान्वित भएको छ ।

त्यसैले कर चुहावटलाई रोक्न कर नितिमा सुधार हुनुका साथै करदातालाई आकर्षित गर्न वातावरण वनाउनु पर्छ । “कर प्रणालीको सार, लगानीका आधार” भन्ने नारा लगाएर मात्र हुँदैन नारा अनुसार जनताले तिरेको कर कहाँ गएर लगानी हुन्छ त्यसको आधार खोज्दछ तर सरकार संग त्यसको जवाफ छैन । कर मात्र वढाउने होईन करलाई कम गरी आम नेपाली जनतालाई करको दायरामा ल्याउन आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# श्रम निर्यात कि श्रमिक निर्यात ?

**डा. होमनाथ गैरे**

चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा नेपालले दुई खर्ब ६३ अर्ब रूपैयाँ रेमिटेन्स प्राप्त गरेको छ। यो रकमगत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५ प्रतिशतले बढी हो ।

गत आर्थिक वर्ष २०८०/८१ मा नेपालमा कुल १४ खर्ब ४५ अर्ब रूपैयाँ रेमिटेन्स भित्रिएको थियो। नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार उक्त रकम आर्थिक वर्ष २०७९/८० को तुलनामा १६.५ प्रतिशत बढी हो ।

यसले नेपालमा प्रतिमहिना औसत एक खर्ब रूपैयाँभन्दा बढीका दरले रेमिटेन्स भित्रिने गरेको देखाउँछ। यो प्रवृत्ति बढ्दो क्रममा छ ।

सरकारबाट श्रम स्वीकृति लिएर कामदारका रूपमा विदेश जानेको संख्या र देश भित्रिएको रेमिटेन्सको तालमेल भने मिल्दैन। विद्यार्थी भिसामा विदेश जाने र गैरकानुनी रूपमा जानेको संख्या पनि निकै ठूलो छ ।

यस अवस्थामा देशले प्राप्त गरेको रेमिटेन्स श्रम स्वीकृति लिएर गएका श्रमिकको मात्र योगदान हो भन्न सकिँदैन । यो लेख भने नेपाली कानुन अनुसार श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने विषयमा केन्द्रित छ ।

नेपालको हकमा देशले प्राप्त गर्ने रेमिटेन्स र यहाँको वैदेशिक व्यापार (आयात-निर्यात) का बीचमा केही सम्बन्ध देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालले करिब १६ खर्ब रूपैयाँ बराबरको वस्तु तथा सेवा आयात गर्दा जम्मा साढे एक खर्बको मात्रै निर्यात गर्न सक्यो ।

आर्थिक वर्ष २०७८/७९ मा रेमिटेन्स आप्रवाह घट्दा विदेशी मुद्रा सञ्चितिमा संकुचन भई राष्ट्रिय ढुकुटीमै नकारात्मक असर परेको थियो। त्यसलाई व्यवस्थापन गर्न आयात नियन्त्रणसहित मौद्रिक नीतिमा कडाइको उपाय अवलम्बन गर्नुपरेको थियो ।

बैंक तथा वित्तीय संस्थाहरूको नाफा र समग्र वित्तीय प्रणालीमा लगानीयोग्य रकमको उपलब्धता पनि विदेशबाट प्राप्त हुने रेमिटेन्सबाट प्रभावित हुने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन् ।

यसरी विदेशमा काम गर्ने नेपालीहरूले पठाउने रेमिटेन्सको बढ्दो महत्त्व सँगै विशेष गरी नेपालको राजनीति, समाज र अर्थतन्त्र को सन्दर्भमा एउटा भाष्य बनेको छ-नेपाल श्रम निर्यात गर्ने देश हो, विदेशमा काम गर्ने श्रमिकले उनीहरू को पारिश्रमिक देशमा नपठाउने हो भने, नेपालको अर्थतन्त्र मात्रै होइन, समाज र राज्य संयन्त्र पनि चल्दैन ।

यसैसँग जोडेर भन्ने गरिएको छ-अर्थतन्त्र चलाय मान गराउन, कर्मचारीले तलबभत्ता खान र नेताहरूले सुविधा भोग गर्न वा भ्रष्टाचार गर्न पनि देशबाट भइरहेको कथित श्रम निर्यात अझै व्यवस्थित गर्दै थप ज्याला प्राप्त हुने देशहरूमा श्रमिक पठाउनु पर्छ ।

सोहीअनुरूप सरकारले बढी ज्याला पाइने नयाँ श्रम-गन्तव्यहरू पहिचान गर्ने, श्रम-सम्झौता गर्ने र पहिल्यैदेखि नेपाली श्रमिक को गन्तव्य बनेका देशहरू सँग न्यूनतम पारिश्रमिक बढाएर नयाँ सम्झौता गर्ने रणनीति अवलम्बन गरेको देखिन्छ ।

हालै मलेसिया सरकारले गरेको श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि र नेपाली श्रमिकलाई त्यहाँको सामाजिक सुरक्षामा समावेश गर्ने घोषणा सम्बन्धी निर्णय, कतार सरकार द्विपक्षीय श्रम-सम्झौताका लागि लचक बनेको सन्दर्भ र दक्षिण कोरियामा थप श्रमिक पठाउने विषयमा भएको सहजता लगायतलाई नेपाल सरकारले आफ्नो रणनीतिक सफलताका रूपमा अर्थ्याएको छ ।

युएईमा घरेलु महिला कामदार पठाउन पाइलट परियोजना सञ्चालन; स्पेन र रोमानिया लगायत युरोपेली देशसँग श्रम-सम्झौताको तयारी र वैदेशिक रोजगारीमा जानेका लागि धितोबिना ऋण उपलब्ध गराउने जस्ता सन्दर्भ वर्तमान श्रममन्त्रीको सयदिने उपलब्धिका रूपमा प्रस्तुत गरिएको छ ।

सबै प्रदेशमा वैदेशिक रोजगार बोर्ड विस्तार गर्नेदेखि विदेशमा समस्यामा परेका कामदार-श्रमिकको उद्धार र राहतको विषय सोह्रौं आवधिक योजनामा प्राथमिकताका साथ समेटिएको छ ।

वैदेशिक रोजगारीका सम्बन्धमा स्थापित भाष्य अनुसार हेर्ने हो भने सरकारले रणनीतिक रूपमा थालेको पहलले नतिजा दिन थालेको देखिन्छ । तथ्यांकले पनि यस्तो संकेत गरेको छ ।

तथ्यांक केलाउने हो भने कोभिड-१९ महामारीको अवधिलाई अपवाद मान्दा हरेक वर्ष कामको खोजीमा विदेश जाने नेपालीको संख्या र उनीहरूले पठाउने रेमिटेन्स वृद्धिले यस्तै संकेत गर्छ ।

सरकारी तथ्यांकलाई नै आधार मान्ने हो भने पनि गत आर्थिक वर्ष २०७९/८० मा वैदेशिक रोजगारीका लागि पहिलो पटक श्रम स्वीकृति लिएर विदेश जाने नेपालीको संख्या ४० प्रतिशतले बढेर करिब तीन लाख पुगेको छ । पुनः श्रम स्वीकृति लिएर जाने करिब तीन लाख छन् ।

त्यसबाहेक सोही वर्ष श्रम स्वीकृति नलिई अवैध बाटो भएर जाने वा मापदण्ड नपुग्ने मुलुकहरूमा जाने र विद्यार्थी भिसामा जानेको संख्या पनि करिब साढे एक लाखको हाराहारी देखिन्छ ।

पढाइका लागि जाने र अवैध रूपमा जानेको तथ्यांक नभए पनि उनीहरूले पठाउने रेमिटेन्स बैंकमार्फत आएको खण्डमा उल्लिखित रेमिटेन्समा समावेश भएको हुन्छ ।

यसरी हेर्दा स्थापित भाष्यअनुसार वैदेशिक रोजगारी व्यवस्थापन वा प्रवर्द्धनका लागि सरकारले गरेको प्रयासको प्रतिफल त्यति आकर्षक देखिँदैन ।

यस पृष्ठभूमिमा वैदेशिक रोजगारीको भाष्य परिवर्तनको समय आइसकेको छ । यस विषयमा गम्भीरतापूर्वक ध्यान नदिने हो भने अबको केही वर्षमा परिस्थिति प्रतिकूल बन्ने प्रबल सम्भावना छ ।

यस्तो सम्भावनाबाट बच्न नीतिगत तहदेखि समुदायसम्म व्याप्त भ्रम र यथार्थको चिरफार आवश्यक छ ।

**श्रम निर्यात कि श्रमिक निर्यात ?**

अहिले वैदेशिक रोजगारी लाई श्रम निर्यातका रूपमा बुझ्ने गरिएको छ। यसै कारण वैदेशिक रोजगारी थप प्रवर्द्धन गरी अझै धेरै रेमिटेन्स भित्र्याउने रणनीतिमा सरकार र प्रमुख सरोकारवालाहरू लागेका होलान् ।

विश्व व्यापार संगठन ( डब्लुटिओ) अन्तर्गत सेवा व्यापारका सन्दर्भमा स्थापित सिद्धान्तहरूले सेवा व्यापारका चार स्वरूप बताउँछन् ।

पहिलोमा स्वदेशमै बसेर

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# जाडोमा देखिने स्वास्थ्य समस्या र बच्ने उपाय

जाडोको मौषम शुरु भइसकेको छ। केही वर्गलाई जाडोले खासै असर नगरे पनि धेरैका लागि यो अप्रिय हुन सक्छ। वरिपरिको चिसो वातावरणका कारण शरिरमा ह्वात्तै तातो घट्छ र चिसो महशुस हुन्छ। शरिरलाई नयाँ मौसममा एडजस्ट हुन पनि गाह्रो हुन्छ, जसका कारण विभिन्न रोगको जोखिम बढ्छ। वातावरणमा आएको परिवर्तनलाई विभिन्न रोगले पनि संकेत गरेको पाइन्छ। ख्याल नपुऱ्याउँदा धेरै मानिस चिसोको शिकार हुने गरेका छन्।

जाडो मौसममा हुने रोगहरु

**मौसमी फ्लू** : तापक्रमको गिरावटपछि यसको प्रत्यक्ष असर हाम्रो शरिरमा हुन्छ। चिसोमा शरिरको ताप घट्दा शरिरमा चिसो महशुस हुन्छ। वाह्य वातावरण चिसो हुने भएकाले शरिरमा जतिबेला पनि जाँडो अनुभूति हुन्छ र रुघाको जोखिम बढ्छ। कुनै एक व्यक्तिको श्वासप्रश्वास, खोकी हाच्छ्यु र सामान्य बोलीचालीबाट पनि मौसमी फ्लू सर्छ। संक्रमित व्यक्तिको मुख, नाक र आँखाबाट मौसमी फ्लू सर्छ।

**बच्ने उपाय** : शरिरले तापक्रम एडजस्ट गर्न नसक्ने भएकाले जाडोमा अत्याधिक चिसो वा तातोमा स्थानमा नबस्न बिज्ञहरु बताउँछन्। एसीमा बसेर बाहिर निस्किदा शरिरले बाहिरको चिसो मौसमसँग एडजस्ट गर्न नसक्ने भएकोले धेरै तापक्रममा नबस्न बिज्ञहरु सुझाव दिन्छन्।

खोकी: धुलो, सुख्खा र चिसो हावाका कारण जाडोमा खोकीको जोखिम हुने गर्छ। यदि पिनासको समस्या छ भने धुलोबाट बच्नुपर्छ।

**बच्ने उपाय** : खोकीबाट बच्न खानेकुरामा विशेष विचार पुऱ्याउनुपर्छ। नियमित तातोपानी खानुपर्छ। शरिरमा चिसो र तातोको सन्तुलन मिलाउनुपर्छ। तातोपानी, चिया अथवा कफी खाएर चिसो पानी वा अन्य ड्रिंक्स खानुहुन्न। बाहिर निस्किदा जहिले पनि मास्क लगाउनु पर्छ।

**फुस्रो छाला** : चिसो मौसममा अधिकांश मानिस को छाला फुस्रो हुन्छ। पर्याप्त पानी नखाँदा छाला फुस्रो हुने ओठ फुट्ने गर्छ।

**बच्ने उपाय** : फुस्रो छालाबाट बच्न हरेक रात सुत्नुअघि कोकोनट र आलमोण्डको तेल लगाउनु पर्छ। तेलीय खाने कुरा खानुहुँदैन। प्रशस्त पानी पिउनु पर्छ।

**टाउको दुख्ने** : चिसोका कारण कतिपय मानिसमा टाउको दुख्ने, वाकवाकी लाग्ने समस्या आउन सक्छ।

**बच्ने उपाय** : उनीको टोपी, मफलर लगायतका न्याना लुगा लगाउनुपर्छ। रोग निम्तिनुमा खानपिन पनि जिम्मेवार हुने भएकोले नियमित पोषिलो खानेकुरा खानुपर्छ। चिसोकै कारण बारम्बार टाउको दुखेमा दैनिक मनतातो अदुवा पानी पिउनुपर्छ।

**जाडोको सामना कसरी गर्ने ?**

हरेक पटक मौसम परिवर्तन हुन्छ। तर, परिवर्तित मौसममा बानी पर्न हामीलाई केही समय लाग्छ। परि वर्तित मौसममा एडजस्ट मेन्ट हुने बेलामा शरिरको रोग प्रतिरोधात्मक क्षमता पनि न्युन हुन्छ र शरिर विभिन्न भाइरस र ब्याक्टेरियाले शरिरमा आक्रमण गर्ने दाउमा हुन्छन्। विचार नपुऱ्याएमा तत्कालै बिरामी हुन पुगिन्छ। बाह्य तापक्रममा भएको परिवर्तनले चिसोसँगसम्बन्धी विभिन्न रोग लाग्छ।

**रोग प्रतिरोधात्मक क्षमता बढाउने**

कमजोर रोग प्रतिरोधात्मक क्षमताका कारण जाडोसँग सम्बन्धित विभिन्न रोगले आक्रमण गर्छ। प्रतिरोधात्मक क्षमता बलियो भएमा चिसोजन्य रोगको संक्रमण बाट मात्र बचाउँदैन अन्य गम्भीर रोग निम्तिनबाट पनि बच्न सकिन्छ। राम्रो र स्वस्थ खानेकुरा खाएर प्रतिरोधात्मक क्षमता बृद्धि गर्न सकिन्छ। सन्तुलित खानाले मानिसलाई स्वस्थ र तन्दुरुस्त बनाउँछ। जाडोमा पर्याप्त आराम गर्दा र बेला-बेला घाम ताप्दा राम्रो हुन्छ।

**अनुहारको छाला जोगाउने**

चिसो र सुख्खा मौसमले छालालाई सुख्खा बनाउँछ। सुख्खा छाला फुट्ने गर्छ। तसर्थ जाडोको समयमा प्रशस्त पानी पिउनुपर्छ र मोश्चराइजर क्रिम लगाउनुपर्छ। एभोकाडो, जैतुन र नरिवलको तेलले छालालाई शितल र मुलायम बनाउँछ।

**पर्याप्त पोषण**

प्रशस्त पोषणले पनि तपाईंको स्वास्थ्य र छालाको स्याहार गर्छ। भिटामिन सीले प्रतिरोधात्मक क्षमता सशक्त बनाउँछ। भिटामिन सीले रुघाखोकीबाट पनि बचाउँछ।

**परिवर्तनका लागि तयार**

मौसम परिवर्तनका लागि शरिरलाई तयारी अवस्थामा राख्नुपर्छ। बदलिदो मौसमसँग जुध्न प्रशस्त लत्ताकपडा र खानेकुराको पूर्व व्यवस्था गर्नुहोस। कुन केला कुन खानेकुरा खाने र कुन कपडा लगाउने विषयमा ज्ञान नहुदा धेरै मानिस चिसोको शिकार हुन्छन्। रातको समयमा विशेष ध्यान दिनुहोस। एयर कन्डिसन र अन्य तापसम्बन्धी उपकरण राम्रो अवस्थामा छन वा छैनन भन्ने बारे ध्यान दिनुपर्छ।

**जाडो मौसममा देखिने अन्य समस्या**

१ हृदयघातः हामीमध्ये अधिकांशलाई यो थाहा नहुन सक्छ, जाडोमा धेरै मानिस लाई ह्यदघात हुने गर्छ। तापक्रममा आएको गिरावटले रक्तनली साँघुरिने र मुटुमा रगत पम्प गर्न गाह्रो हुने हुन्छ। यही जोखिमका कारण विज्ञहरुले मोटा र बृद्धबृद्धालाई जाडो मौसममा मर्निङ वाक गर्न सुझाब दिँदैनन्।

२ दम बढ्छः जाडो मौसममा बढी हुने समस्यामध्ये दम पनि एक हो। चिसो र सुख्खा हावाले श्वासनलीलाई साँघुरो पारी श्वास फेर्न कठिनाई उत्पन्न गर्छ। तसर्थ जाडो भयो भनेर घरमा अनावश्यक आगो वा धुवाँ नबाल्नुहोस्।

३ जोर्नी दुख्छः जाडोमा जोर्नी दुख्नुको कुनै वैज्ञानिक प्रमाण भेटिएको छैन। तर, अधिकांश मानिस यस समस्याबाट जाडोमा पीडित हुने गर्छन्। जोर्नी दुख्ने समस्याबाट बच्न पैतलालाई न्यानो बनाउनुपर्छ। एउटा बाक्लो लुगा लगाउन भन्दा पातला दुई वा सो भन्दा बढी कपडा लगाउनु उपयुक्त मानिन्छ। यसले जोर्नीलाई चिसो हुनबाट बचाउछ।

स्रोतः स्काइमिटवेदर डट कमबाट सभार।




# बहुभाषी अन्तराष्ट्रिय कवि सम्मेलन पुसमा



विराटनगर। आभा फाउंडेशन नेपाल एंव राष्ट्रिय कला सेवा संस्था भारतको संयुक्त आयोजनमा अगामी पुसमा बहुभाषी अन्तराष्ट्रिय कवि सम्मेलन, सांस्कृतीक कार्यक्रम र फेशन शो हुने भएको छ।

फाउंडेशन र संस्थाले संयुक्त रुपमा नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभाहलमा पत्रकार सम्मेलन गरी डिसेम्बर २०, २१ तारिख अर्थात पुस ५ र ६ गते बहुभाषी अन्तराष्ट्रिय कवि सम्मेलन, सांस्कृतीक कार्यक्रम र फेशन शो को आयोजना गर्ने संस्थाको अन्तराष्ट्रिय संयोजक अरविंद श्रीवास्तव 'चित्रांश' ले जानकारी गराए।

अन्तराष्ट्रिय भोजपुरी संगम नेपाल २०२४ को नामवाट संचालन हुने बहुभाषी अन्तराष्ट्रिय कवि सम्मेलन, सांस्कृतीक कार्यक्रम र फेशन शो मा विभिन्न जातजाति र भाषा-भाषीको सहभागीता रहने फाउन्डेशन की डाइरेक्टर आभा अनुपमाले पत्रकार सम्मेलनमा वताईन।

आइडियल जर्नालिस्ट एसोसिएसन भारतका राष्ट्रिय महासचिव संजयकुमार पाण्डे 'सरस' ले भने राष्ट्रिय कला सेवा संस्था भारतले ३० वर्ष देखि विभिन्न देशहरुमा यस्तै कार्यक्रम गर्दै आएको र नेपाल र भारतको सम्बन्ध वेटी रोटी कै जस्तो रहेको र भेषभूषा समेत मिल्दो जुल्दो रहेकोले २०२४ को कार्यक्रम नेपालको विराटनगरमा गर्न लागेको वताए।

विराटनगरको सिटी प्यालेस होटल एण्ड रिसोर्टमा हुने कार्यक्रममा नेपाली, भोजपुरी, थारु मैथली, मगही, अवधी लगायतको भाषा-भाषीलाई सहभागी गराउने लक्ष्य रहेको फाउंडेशनकी डाइरेक्टर अनुपमाले वताई। उक्त कार्यक्रममा कति खर्चलाग्ने र सो खर्च कहाँबाट जुटाउने सम्बन्धमा आयोजक ले केही खुलाएन।

# लागुऔषध सहित ३ पक्राउ

विराटनगर। मोरङ र सुनसरीको बिभिन्न स्थानहरुबाट प्रतिबन्धित लागुऔषध सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय लेटाङ, मोरङबाट खटिएको प्रहरीको टोलीले शुक्रवार लेटाङ नगरपालिका-३ मिलन चोक स्थितबाट २१ बर्षीय श्याम लिम्बुलाई ५ सय ७० मिलिग्राम

वांकी अन्तिम पेजमा...

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

कोशी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सुनसरी, कोशी प्रदेश

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

भोक्राह नरसिंह गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सुनसरी, कोशी प्रदेश

ट्राफिक नियमको पालना गरौं।
सडक सुशासन कायम गरौं।।

# ग्रामथानमा अध्यक्ष पदको लागि चारदलको उम्मेदवारी घोषण, कस्ले मारला बाजी

विराटनगर। आगामी मंसिर १६ गते हुने मोरंगको ग्रामथान गाउँपालिकामा अध्यक्ष पदका लागि हुने उपनिर्वाचनमा प्रमुख चार दल नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, राप्रपा र नेकपा एकिकृतको उम्मेदवार घोणना भई सकेको छ।

अध्यक्षको उम्मेदबारहरुमा एमालेबाट तुलसीराम विश्वास, नेपाली कांग्रेसबाट बलराम सरदार र नेकपा माओवादीबाट नमोनारायण माझी, राप्रपाबाट दिनेश कुमार थान्दार (दिपेश) र को उम्मेदवारी घोषणा भई सकेको छ। यी सबै उम्मेदवारहरु थारु समुदायकै भएकोले कस्ले माजी मारछ त्यो समयले नै बताउने छ। ग्रामथानका अध्यक्ष जयप्रकाश गच्छदारको गत असार ३ मा निधन भएको थियो। अध्यक्ष पदका लागि हुने उपनिर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले र माओवादीवीच तीव्र प्रतिष्पर्धा हुने देखिएको छ।

विगतको निर्वाचनमा कुन पार्टीको स्थिति कस्तो ?

२०७४ मा नेकपा एमालेका शिवनारायण माझी भिनो मतान्तरले विजयी भएका थिए। उनले तत्कालिन मधेशी जनअधिकार फोरम लोकतान्त्रिक का जयप्रकाश गच्छदार (थारु) लाई ५९ मतान्तरले पराजित गरेका थिए। २०७९ को उपनिर्वाचनमा जयप्रकाशले एमालेका माझीलाई १ हजार ५१२ मतान्तरले पराजित गरे। अघिल्लो हारको बदला लिएका थिए।

०७९ को निर्वाचन अघि तत्कालिन फोरम लोकतान्त्रिक र नेपाली कांग्रेसबीच एकता भएको थियो। एकतापछिको निर्वाचनमा १ हजार ५१२ मतान्तर भन्दा बढीले गच्छदारले पराजित गर्लान भन्ने अड्कल गरिएको थियो। वडामा पनि कांग्रेसको प्रभाव देखिएला भन्ने थियो। तर नतिजा त्यस्तो आएन। ०७४ को निर्वाचनमा फोरम लोकतान्त्रिक र कांग्रेसको मत जोड्दा ७ हजार ८०४ हुन्थ्यो। तर अपेक्षाकृत मत गच्छदारले ल्याउन नसकेको त्यो बेला नै कांग्रेसले समीक्षा गरेको थियो।

०७४ को निर्वाचनमा चौथो भएको नेकपा माओवादी केन्द्रले १ हजार ६०२ मत ल्याएको थियो। ५ वर्षपछि माओवादी केन्द्रले २ हजार ७२७ मत ल्याएर ग्रामथानमा तेश्रो स्थान कायम गरेको थियो। ५ वर्षमा १ हजार १२५ मत बढाएको नेकपा माओवादी केन्द्र अहिले उपनिर्वाचनमा तीब्ररुपमा चुनावी अभियानमा लागेको छ। नेपाली कांग्रेस र एमाले भन्दा अघि नै उम्मेदवार टुङ्गो लगाएर माओवादी चुनावी प्रतिष्पर्धामा छ। एमाले र कांग्रेसले यसै साता मात्रै उम्मेदवारको अन्तिम टुङ्गो लगाएका हुन। कांग्रेसमा १७ र एमालेमा ११ जना आकांक्षी हुँदा पनि दुवै दललाई उम्मेदवार टुङ्गो लगाउन गाह्रो परेको थियो।

त्रिपक्षीय प्रतिष्पर्धा

आगामी उपनिर्वाचनका लागि तीनै दलबाट नयाँ उम्मेदवार अध्यक्षको दौडमा छन्। तीनै जना अध्यक्ष पदमा पहिलो पटक प्रतिष्पर्धा गर्दैछन्। एमालेबाट उम्मेदवार बनेका तुलसीराम विश्वास पहिलो पटक चुनावी दौडमा छन्। राजनीतिको छोटो अनुभव भएपनि उनी ग्रामथानका लागि परिचित युवा हुन। उनी अहिले एमाले ग्रामथान गाउँकमिटीको उपाध्यक्ष हुन।

नेपाली कांग्रेसबाट अध्यक्षको दौडमा रहेका बलराम सरदार पुरानो नेता हुन। कांग्रेस महासमितिका पूर्व सदस्य तथा मोरङ कांग्रेसको सल्लाहकार हुन। उनको प्रभाव पालिका भित्र कम रहेको स्वयं कांग्रेस कार्यकर्ताहरु नै बताउने गरेका छन्।

नेकपा माओवादीबाट अध्यक्षको दौडमा रहेका नमोनारायण माझी हालै माओवादी प्रवेश गरेका हुन। उनलाई माओवादी सांसद अमनलाल मोदीले अध्यक्षमा उम्मेदवार बनाउनकै लागि पार्टी प्रवेश गराएका थिए। पार्टी प्रवेश लगतै अध्यक्षको उम्मेदवार बनाएकोमा उनीप्रति माओवादी कार्यकर्ता रुष्ट रहेको बताईन्छ। तर उनीहरु खुलेर व्यक्त गर्न नसकेको एक माओवादी कार्यकर्ताले बताए। २०७४ मा फोरम लोकतान्त्रिकबाट वडाध्यक्षमा निर्वाचित माझी ०७९ मा अध्यक्षको आकांक्षी थिए। पार्टीले अध्यक्षमा उम्मेदवार नबनाउने भएपछि उनी वडा नं. १ मा स्वतन्त्र उम्मेदवारी दिएका थिए। १६४ मतान्तरले वडाध्यक्षमा पराजित भएका थिए।

असन्तुष्ट मतदाता निर्णायक

ग्रामथानको स्थानीय तह उपनिर्वाचनमा असन्तुष्ट मतदाता निर्णायक हुने देखिएको छ। ०७९ को स्थानीय तह उपनिर्वाचनमा राजनीतिक दलहरुले उम्मेदवारको व्यवस्थापन गर्न नसक्दा ग्रामथानमा स्वतन्त्र उम्मेदवारी दिनेहरुको संख्या अधिक थियो। ७ वटा वडा रहेको ग्रामथानमा स्वतन्त्र उम्मेदवारी दिएकाहरुले आफ्नो वडामा राम्रो मत ल्याएका छन्।

वडा नं १ मा स्वतन्त्र उम्मेदवारी दिएका ०७४ का वडाध्यक्ष तथा उपनिर्वाचनमा माओवादी केन्द्रबाट अध्यक्षमा प्रतिष्पर्धामा रहेका नमोनारायण माझीले ५५४ मत ल्याए। उनले वडा नं. १ मा दोश्रो लोकप्रीय मत ल्याएका थिए। वडा नं ३ मा स्वतन्त्रबाट उम्मेदवारी दिएका रामनारायण खाँले ६३१ मत ल्याए। उनले पनि वडामा दोश्रो लोकप्रीय मत ल्याएका थिए। उनी १३ मत कम हुँदा वडाध्यक्ष हुन सकेनन्। वडा नं. ४ मा रिकेशकुमार सरदार र वडा नं. ६ मा दिपेन्द्र विष्टले पनि राम्रो मत ल्याएका छन्। स्वतन्त्रमा उम्मेदवारी दिएकाहरु सबै पार्टीले मूल्यांकन राम्रो नगरेको भन्दै स्वतन्त्रबाट प्रतिष्पर्धा गरेका थिए।

आगामी मंसिर १६ गते हुने उपनिर्वाचनमा पनि नेपाली कांग्रेस, एमाले र माओवादी तीनै दलमा असन्तुष्ट नेताहरु छन्। उनीहरुले निर्वाचनमा प्रभाव पार्ने स्थानीय नेताहरुको दावी छ। उम्मेदवारको टुङ्गो लागेसँगै असन्तुष्टको मत आफ्नो पक्षमा पार्न तीनवटै दलका नेता कार्यकर्ता लागि परेका छन्। असन्तुष्ट नेता कार्यकर्तालाई आफ्नो पक्षमा पार्न माओवादी केन्द्र बढी सक्रिय भएर लागेको बताईएको छ। उसले एमाले र कांग्रेसका नेता कार्यकर्तालाई प्रभावमा पारिरहेको श्रोतको भनाई छ। माओवादी पछि एमालेले कांग्रेसका असन्तुष्टलाई आफ्नो पक्षमा पार्ने काम गरिरहेको बताईएको छ।

वडामा एमाले बलियो

७ वटा वडा रहेको ग्रामथानमा एमालेका ५ वटा वडाध्यक्ष छन्। गाउँपालिका उपाध्यक्ष सहित एमाले पालिकामा बलियो छ।

०७४ को निर्वाचनमा एउटा मात्रै वडाध्यक्ष जितेको एमालेले ५ वर्षमा ४ वटा वडाको थप नेतृत्व लिन सफल भएको छ। एमालेले ग्रामथान २ मा २०७४ र ०७९ दुवै निर्वाचनमा विजयी भएको थियो। त्यसबाहेक ४, ५, ६ र ७ नं वडामा आफ्नो प्रभाव पार्न सफल भएको छ। वडागत निर्वाचनमा एमालेले सातवटै वडामा ६ हजार ७६३ मत ल्याएको छ।

अध्यक्षका उम्मेदवारले वडाध्यक्षले पाएको भन्दा ६७० मत कम पाएका थिए। एउटा मात्रै वडा जितेको नेपाली कांग्रेसले वडागत रुपमा ५ हजार ६२७ मत ल्याएको थियो। तर उसले गाउँपालिका अध्यक्षमा १ हजार ९७८ मत थप्न सफल भएको थियो। अध्यक्षमा वडामा स्वतन्त्र उम्मेदवारी दिएकाहरुको मत उनलाई गएको स्थानीय स्तरको विश्लेषण छ।

वडास्तरको अंक गणित

७ वटा वडा रहेको ग्रामथानमा २०७४ को तुलनामा एमालेले उल्लेखनीय मत बढाएको छ। कांग्रेस र माओवादी केन्द्रको तुलनामा एमालेको मत बढेको छ। तत्कालिन फोरम लोकतान्त्रिक र नेपाली कांग्रेसबीच एकीकरण भएपछि तुलनात्मक रुपमा कांग्रेसको मत बढ्नुपर्ने हो। एकीकरणको असर स्थानीय तह निर्वाचनमा देखिएन। २०७४ मा फोरम लोकतान्त्रिकले ४ वटा, कांग्रेसले २ र एमालेले एउटा वडा जितेका थिए। २०७९ मा एमालेले ५ वटा वडामा जित हाँसिल गर्दा कांग्रेसले एउटा वडा गुमायो भने माओवादी केन्द्रले एउटा थप गर्न सफल भयो।

वडा नं. १ मा २०७४ मा एमालेको मत ५१८ थियो ०७९ मा ७०९ पुग्यो। कांग्रेसको ३६४ बाट बढेर ७१८, माओवादीको २९० बाट घटेर २२७ भयो। वडा नं. २ मा एमालेको अघिल्लो निर्वाचनमा ९१५ थियो। ०७९ मा १३९५ भयो। कांग्रेसको ६७३ बाट बढेर १ हजार १९९ भयो। माओवादी केन्द्रको १३३ थियो ३६६ पुग्यो। वडा नं. ३ मा ५ वर्ष अघि एमालेको १८१ थियो ५ वर्ष पछि ४५१ भयो। कांग्रेसको ४५५ थियो ४७८ पुग्यो।

वडा नं. ४ मा २०७४ मा एमालेको मत ५६५ थियो। २०७९ मा १ हजार ९३ पुग्यो। कांग्रेसका ६४३ बाट बढेर ८७३ पुग्यो। माओवादी केन्द्रको ४४९ बाट बढेर ५९७ पुग्यो। वडा नं. ५ मा ०७४ मा एमालेको ५३५ थियो ५ वर्षपछि १ हजार १५९ पुग्यो। कांग्रेसको ६२४ बाट बढेर ६३७ भयो। माओवादी केन्द्रको १५७ बाट बढेर ४५० पुग्यो। वडा नं.६ मा एमालेको ०७४ मा ५३० थियो। ०७९ मा ८८३ भयो। कांग्रेसको ७५२ बाट बढेर ८६५ पुग्यो। वडा नं. ७ मा ०७४ मा एमालेको मत २४६ थियो। ०७९ मा १ हजार ७३ पुग्यो। कांग्रेसको ४३८ बाट बढेर ८५७ हुँदा माओवादी केन्द्रको ७७ बाट बढेर १३५ पुग्यो।

२०७४ को आधारमा ०७९ मा नेपाली कांग्रेसको मत उल्लेख्य बढ्नुपर्नेमा त्यो अवस्था देखिदैन। तत्कालिन फोरम लोकतान्त्रिक सँग एकीकरणले कांग्रेसमा कुनै प्रभाव परेको देखिदैन। वडागत रुपमा कांग्रेसको मत अपेक्षित छैन। ५ वर्षको अवधिमा एमालेले उल्लेख्य मत बढाएको छ। माओवादी केन्द्रले एउटा वडा बाहेक अन्य वडामा सामान्य बृद्धि गर्न सफल भएको देखिएको छ।

नेपालको जनसंख्या २०७८ अनुसार ग्रामथानको जनसंख्या ३६ हजार २६ छ। ५४ जातजातीको बसोबास रहेको ग्रामथानमा कुल जनसंख्याको ५५ प्रतिशत थारु समुदायको बसोबास छ। ११ प्रतिशत ब्राम्हण/क्षेत्री, ८ प्रतिशत बाँतर/सरदार, ५ प्रतिशत मुसहरको बसोबास छ। २१ प्रतिशत अन्य ४९ जातजाती छन्।




# अवैध विषादी र कर छलीका कपडा बरामद




विराटनगर। सुनबर्सी नगरपालिका-६ र ९ स्थितबाट भारतबाट अवैध रुपमा ल्याई लुकाइ छिपाई ल्याई राखेको अवस्थामा खेतमा प्रयोग गर्ने बिषादी र भन्सार छलीको कपडा प्रहरीले बरामद गरेको छ।

प्रहरी चौकी डाईनियाबाट खटिएको प्रहरी टोलीले कार्तिक २५ गते गत आईतवार सुनबर्षी-९ स्थित डाइनिया बसपार्कको निर्माणाधिन भवनमा लुकाइ छिपाई ल्याई राखेको अवस्थामा क्लोर फायरफोस १० यू ग्रेनुलेस थिनेट १० जी नामक बिषादी ५५० किलोग्राम (११ बोरा) र कार्तिक २६ गते सुनबर्सी-६ खिर्कीडाँगी स्थितबाट ५८३ किलोग्राम (१२ बोरा) बरामद गरेको थियो। बरामद गरिएको उक्त बिषादी सम्बन्धमा अन्य थप अनुसन्धान भईरहेको छ।

त्यसैगरी मोरङको उर्लाबारी नगरपालिका-४ स्थितबाट भन्सार छलीका अवैध कपडा प्रहरीले बरामद गरेको थियो। कार्तिक २४ गते बिशेष सुचानाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा को. १ ह ६३०९ नम्बरको अटो रिक्सामा भन्सार छली गरी अवैधरुपमा बोकेको समान बरामद गरिको थियो।

उक्त समानको बजार मुल्य करिव ३ लाख ३७ हजार ६ सय मुल्य बराबरको लेडिज टप्स र कुर्थासुरुवाल बरामद गरेको थियो। बरामद भएको उक्त सामग्री सहित अटो र चालक बिराटनगर १५ बस्ने वर्ष ३५ को ओम जित साह सहित अटोमा सवार २२ बर्षीय अभिशेक चौधरी र २८ बर्षीय तबरेज अन्सरी समेतलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि भन्सार कार्यालय रानीमा बुझाईएको छ।

# लागुऔषध सहित ६ पक्राउ

सुनसरी। सुनसरीको धरान उपमहानगरपालिका वडा नं. ८ र ९ बाट नियन्त्रित औषधी र प्रतिबन्धित औषधी सहित ६ जनालाई पक्राउ गरिएको छ।

गत आइतवार अस्थाई प्रहरी पोष्ट तिनकुने धरानबाट खटिएको प्रहरी टोलीले सेउती पुल नजिकबाट स्कुटरमा सवार सुनसरी धरान १५ बस्ने २४ बर्षीय मौषम लिम्बु, २३ बर्षीया सृजना राई र २५ बर्षीया निशा श्रेष्ठलाई प्रतिबन्धित औषधी ट्रामानिल २ सय क्याप्सुल र नियन्त्रित औषधी स्पास्पेन २ सय ट्याब्लेट सहित पक्राउ गरिएको थियो।

पक्राउ परेका उनिहरुको थप अनुसन्धान गर्ने क्रममा इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले सिरहा चन्द्रअयोध्या पुर घर भइ धरान ९ दौलत थुलुङको घरमा डेरा गरि बस्ने २३ बर्षीय अंकित कुमार सिंह, धरान ८ का २० बर्षीय साइमन राई र २३ बर्षीय सागर श्रेष्ठलाई ट्रामानिल ९ हजार ३ सय क्यापसुल र स्पास्पेन ६ हजार ६ सय २७ ट्याब्लेट सहित पक्राउ गरिएको थियो।

पक्राउ परेकाहरुको इलाका प्रहरी कार्यालय धरानबाट थप अनुसन्धान भईरहेको छ।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।
अन्तरिक राजश्व कार्यालय विराटनगर

# ग्रामथानमा राप्रपाद्वारा अध्यक्ष पदको उम्मेदवार घोषणा





उम्मेदवार
दिनेश कुमार थान्दार

विराटनगर। कोशी प्रदेशको मोरंग जिल्ला क्षेत्र नं. ४ को ग्रामथान गाउँपालिकामा अध्यक्ष पदको लागि हुने उप निर्वाचनमा राष्ट्र प्रजातन्त्र पार्टीले अध्यक्षको उम्मेदवार घोषणा गरेको छ।

नेपाल पत्रकार महासंघ जिल्ला शाखा कार्यालय मोरंगको सभाहलमा विहीवार पत्रकार सम्मेलन गरी राप्रपा मोरंग जिल्ला सभापति गोपाल कटुवालले अध्यक्ष पदको उम्मेदवारमा ग्रामथान गाउँपालिका यूवा कमिटीका अध्यक्ष दिनेश कुमार थान्दार (दिवेश) लाई उम्मेदवार बनाउने घोषणा गरेका छन्।

पत्रकार सम्मेलनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रिय महामन्त्री प्रहलाद साहले भने ग्रामथान गाउँपालिकामा अन्य पार्टीको उम्मेदवारहरु टेष्ट भई सकेका छन्। त्यसैले हामी इमानदार यूवा उम्मेदवार बनाएका छौ र हाम्रो संगठन ७ वटै वडामा भएकाले जित सुनिश्चित भएको वताए।

ग्रामथानका अध्यक्ष जयप्रकाश गच्छदारको गत असार ३ मा निधन भएको निधन भएको थियो। सोही अध्यक्ष पदको लागि मंसिर १६ गते उप निर्वाचन हुँदैछ। ग्रामथान गाउँपालिकामा कुल मतदाता २६ हजार ४४ रहेको छ।। देशभर ४४ पदका लागि उप निर्वाचन भई रहेको छ।

यस अघि नै अध्यक्षको उम्मेदबारमा एमालेबाट तुलसीराम विश्वास, नेपाली कांग्रेसबाट बलराम सरदार र नेकपा माओवादीबाट नमो नारायण माझीको उम्मेदवारी घोषणा भई सकेको छ।

## श्रम...

अन्तर्देशीय अनलाइन प्रविधि माध्यमबाट विदेशमा विशेषज्ञ सेवा दिने काम पर्छ। दोस्रोमा विशेष काम वा पर्यटनको सिलसिलामा आएका विदेशी उपभोक्तालाई स्वदेशमा सेवा दिने काम पर्छ।

तेस्रोमा संगठित संस्था वा कम्पनीले विदेशी भूमिमा शाखा वा सेवा केन्द्र खोलेर सेवा प्रवाह गर्ने र चौथोमा प्राकृतिक व्यक्ति स्वयं विदेशमा गएर काम-सेवा गर्ने स्वरूप पर्छ।

यसरी डब्लुटिओले परिभाषित गरेअनुरूप नै नेपालबाट श्रम तथा सेवा निर्यात भएको भए नेपाल र नेपालीको अवस्था अहिले निकै राम्रो भइसकेको हुन्थ्यो होला। यथार्थ बिल्कुल फरक छ, यहाँ त श्रम होइन, श्रमिकहरू खुलेआम निर्यात भइरहेका छन्।

यसरी वैदेशिक रोजगारीका नाममा भइरहेको श्रमिक निर्यातका कारण यहाँको सामाजिक अवस्था विकराल बन्दै गएको छ।

श्रमिक निर्यात मात्रै कि मर्यादित वैदेशिक रोजगारी ?

वैदेशिक रोजगारीका स्थापित मान्यता आत्मसात् गर्दै श्रमिकको हित र मानव अधिकार रक्षासहित आधारभूत सीप वा विज्ञतायुक्त श्रम निर्यात हुनुपर्छ भन्ने बहस सुरू भएको धेरै भइसकेको छ।

यसअनुसार काम भएको भए नेपालीहरूले विदेशी भूमिमा बन्धक बनेर, जघन्य हिंसा सहेर र कानुनी उपचार नपाएर पीडित हुनुपर्ने थिएन। मानवीय सहयोग र उद्धारसमेत नपाएरै मर्नुपर्ने थिएन।

श्रमिकको साटो श्रम निर्यात गरिएको हुन्थ्यो भने श्रमिकलाई कुन देशमा के काम गर्न जाँदैछु वा कति पैसा खर्च गरेर कति कमाइ हुने काममा जाँदैछु, म जाने मुलुकमा के गर्न हुन्छ र के गर्न हुँदैन लगायतबारे थाहा हुने थियो। आधारभूत तालिम लिएको र सीप सिकेको हुने थियो।

श्रम निर्यात गरिन्थ्यो भने यस्तो आधारभूत जानकारी नै नभएका र गन्तव्य मुलुकको भाषा बुझ्ने क्षमता समेत नभएका व्यक्तिलाई विदेशी भूमिमा जान प्रोत्साहित गरिने थिएन।

वस्तुसरह श्रमिक निर्यात गरेर आएको रेमिटेन्सबाट देशको अर्थतन्त्र कतिसम्म धानिएला !

विद्यार्थी भिसामा विकसित मुलुकमा गएका हुन् वा लुकिछिपी अमेरिका गएका, ती सबैले केही वर्षमा ऋण तिर्छन् र परिवार पनि उतै पुऱ्याउँछन्। यस्ता व्यक्तिहरू बाट रेमिटेन्स आउँदैन। त्यस्तो परिवारबाट चल्तीको भाष्य अनुसारको वैदेशिक रोजगारी मा जाने व्यक्ति पनि बाँकी रहँदैन।

**आर्थिक लाभ कि सामाजिक लागत ?**

विद्यमान वैदेशिक रोजगारीबाट राष्ट्रले आर्थिक लाभ लिँदैछ कि सामाजिक लागत बेहोर्दै छ भन्ने विषयमा पनि बहस हुने गरेको छ। वैदेशिक रोजगारीले आर्थिक सशक्तीकरण र गरिबी न्यूनीकरणमा योगदान नगरेको पनि होइन तर त्योभन्दा बढी लागत बेहोर्नुपरेको छ।

सुरूआती चरणमा उत्साहित भएर नयाँ श्रम गन्तव्यहरू खोजी गरियो, आप्रवासन नीतिमा सरली करण गरियो तर श्रमिक पठाउने काम बिस्तारै राजनीतिक दलका नेता र कार्यकर्ताहरूको व्यावसायिक साझेदारी (बिजनेस भेन्चर) का रूपमा प्रवर्द्धन गरियो।

त्यसपछि युवा व्यवस्थापन को नाममा स्वदेशमै योगदान गर्न सक्ने दक्ष जनशक्ति पनि विदेश पलायन हुन प्रोत्साहित गरियो। शैक्षिक परामर्शका नाममा दलका नेता र कार्यकर्ताको अघोषित व्यावसायिक सञ्जाल सिर्जना गरियो।

कुनै परिवारको कम्तीमा एक सदस्य वैदेशिक रोजगारीमा छैन भने त्यस परिवारले प्रगति गर्न नसकेको भन्ने सामाजिक संस्कार निर्माण गरियो। स्थानीय तहको निर्वाचनमा कतिपय प्रत्यासीहरूले आफूले जितेमा विदेश पठाइदिने भनेर पनि भोट मागे।

यसरी हेर्दा वैदेशिक रोजगारीलाई आर्थिक रूपान्तरणको संवाहकका रूपमा परिभाषित गरेर प्रवर्द्धन गरेअनुसार राष्ट्रलाई आर्थिक लाभ हुन सकेको छैन। यसको समग्र लाभ-लागत अध्ययन र विश्लेषण नभएकाले सामाजिक लागत यति नै हो भन्न सकिँदैन तर समाजले वैदेशिक रोजगारीको लागत स्पष्ट देखिने गरी बेहोरेको छ।

वैदेशिक रोजगारीका कारणले भएको सम्बन्ध विच्छेद, पारिवारिक विखण्डन, कलह, हत्या, हिंसा, आत्महत्या र शरीर बन्धक जस्ता घटनाका औपचारिक दस्तावेजहरू सर्सर्ती हेर्दा पनि त्यसको सामाजिक लागत थाहा हुन्छ। पारिवारिक विखण्डनले बालबालिकामा परेको मनोसामाजिक असरको लागत त बहसको विषय बनेकै छैन।

अन्त्यमा, नेपालको आन्तरिक श्रम बजारको माग र आपूर्तिको विश्लेषणमा हाल नेपाल श्रमिक न्यून राष्ट्र हो। यहाँ यस्तो कुनै क्षेत्र वा पेसा छैन जहाँ विदेशी श्रमिकको भर पर्नु नपरोस्। कुनै ठाउँ छैन जहाँ विदेशी श्रमिक नपुगेको होस्।

यसरी हेर्दा नेपालमा भित्रिएको रेमिटेन्सभन्दा बढी रकम बाहिरिएको हुन सक्छ। यसतर्फ पनि गतिलो अध्ययन भएको छैन।

यो सबै सन्दर्भमा हेर्दा वैदेशिक रोजगारीलाई युवा व्यवस्थापनको साधनका रूपमा नलिएर आन्तरिक र वाह्य श्रम बजारका विविध पाटाहरूको समष्टिगत अध्ययन गरी वैदेशिक रोजगारी, यसको भाष्य र सामाजिक संस्कार परिवर्तनमा अर्थपूर्ण पहलकदम आवश्यक छ।

# फाल्गुनन्दका जन्म जयन्तीको शुभकामना

विराटनगर। महागुरु फाल्गुनन्दको उपदेश र मार्गदर्शनलाई पालन गरे धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबिच सहिष्णुता र सद्भाव कायम गर्न सकिने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले शुभकामना दिनु भएको थियो।

किराँत धर्मका महागुरु फाल्गुनन्दको १ सय ४० औं जन्मजयन्तीका अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै मुख्यमन्त्री कार्कीले अहिंसा वादी, सत्य वचन र धर्मकर्म मा निष्ठावान समाजसुधारक महागुरु फाल्गुनन्दले देखाउनु भएको सत्मार्गको पालनमा जोड दिनुभएको थियो।

मुख्यमन्त्री कार्कीले भन्नुभयो-'जीवनको अन्तिम अवस्थासम्म भाषा, लिपी, संस्कार संस्कृति, शिक्षा र समाज सुधारका साथै किराँत धर्मको उत्थान तथा संरक्षण को निम्ति लागिरहने प्रेम र अहिंसाका प्रतिक फाल्गुनन्द को मार्गदर्शनले राष्ट्रिय एकतालाई सुदृढ बनाउन सकिन्छ।'मुख्यमन्त्री कार्कीले संवाद, सहकार्य र सह अस्तित्वका आधारमा अघि बढेर मुलुकलाइ अगाडि बढाउन सकिनेमा जोड दिनुभएको छ। भिडियो सन्देश समेत जारी गर्दै मुख्यमन्त्री कार्कीले महागुरु फागुनन्दको योगदानको चर्चा गर्नुभएको थियो।

राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दको विस १९४२ सालमा कोशी प्रदेशको इलाममा जन्म भएको थियो। फाल्गुनन्दलाई नेपाल सरकारले २०६६ साल मंसिर १६ गते राष्ट्रिय विभूति घोषणा गरेको हो। कोशी प्रदेश सरकारले उहाँको जन्म जयन्तीको दिनमा सार्बजनिक बिदा समेत दिदै आएको छ।

# कृष्णनगरमा राष्ट्रिय प्रजातान्त्रिक यूवा संगठन गठन

कपिलवस्तु। कपिलवस्तु जिल्लाको कृष्णनगरमा राष्ट्रिय प्रजातन्त्र पार्टीको भातृ संगठन राष्ट्रिय प्रजातान्त्रिक यूवा संगठन गठन भएको छ।

राप्रपा लुम्बिनी प्रदेश अध्यक्ष प्रदीप कुमार उदय, लुम्बिनी प्रदेश सदस्य दीपक रजौरीया तथा यूवा संगठनका केन्द्रीय संयोजकको आथित्यमा राष्ट्रीय प्रजा तांत्रिक यूवा संगठनको जिल्ला अधिवेशन सम्पन्न भएको छ।

उद्योग वाणिज्य संघ कृष्णनगरको सभा हलमा सम्पन्न जिल्ला अधिवेशन बाट सुनिल मोदनवालको संयोजकत्वमा १७ सदस्य जिल्ला कार्य समिति गठन भएको जानकारी राप्रपा जिल्ला सचिव प्रेम शंकर शुक्लले दिए।

त्यसैगरी उपाध्यक्षमा कृष्ण पुन, इतिहाद अहमद, सचिवमा राहुल मोदनवाल, सह सचिवमा खेमराज पौडेल, कोषाध्यक्षमा अभिषेक भुषाल, लगायत रहेका छन्।

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर